# समता लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय सिमरा, बारा

## सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०७७ मंसिर १९ गते शुक्रवारको दिन बसेको सञ्चालक समितिको १०० औ बैंठकको निर्णयानुसार यस वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७७ पौष १४ गते मंगलवार, तद्नुसार २०२० डिसेम्वर २९

समय : बिहान १०:३० बजे

स्थान : होटल क्लासिक प्रा.लि., सिमरा, बारा

**छलफल तथा निर्णयका लागि निर्धारित बिषयसूची**

**क) सामान्य प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७६/०७७ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सँग सम्वन्धित अनुसूचीहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७७/०७८ को बाहय लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने ।
*(हालको बाहय लेखापरीक्षक एल.एस.पि. एसोसियट्स, ललितपुर पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)*

४. आर्थिक बर्ष २०७७/०७८ को बार्षिक कार्यक्रम, योजना तथा बजेट उपर छलफल तथा अनुमोदन गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७६/०७७ सम्मको मुनाफाबाट २०७७ असार मसान्तसम्म कायम चुक्ता पूँजी रु. १९,११,१६,८००/- को ६.३२ प्रतिशतले हुन आउने रकम रु. १,२०,७०,५३५/- (अक्षरेपी एक करोड विस लाख सत्तरी हजार पाँच सय पैतिस रुपैया मात्र) नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर प्रयोजन समेत) वितरण गर्न पारित गर्ने ।

**ख) विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७६/०७७ सम्मको मुनाफाबाट २०७७ असार मसान्तसम्म कायम चुक्ता पूँजी रु. १९,११,१६,८००/- को २० प्रतिशतले हुन आउने रकम रु. ३,८२,२३,३६०/- (अक्षरेपी तिन करोड बयासी लाख तेइस हजार तिन सय साठ्ठी रुपैया) बोनस शेयर जारी गर्न प्रस्ताव स्वीकृत गर्ने ।

२. समता लघुवित्त वित्तीय संस्था लिमिटेड र घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्वन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

३. समता लघुवित्त वित्तीय संस्था लिमिटेड र घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि मुल्यांकनकर्ताबाट प्राप्त गाभ्ने/गाभिने संस्थाको चल अचल सम्पत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit-DDA) समेतको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान दर (Share Swap Ratio) पारित गरी मर्जरलाई स्वीकृती प्रदान गर्ने ।

४. समता लघुवित्त वित्तीय संस्था लिमिटेड र घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि व्यवसायिक योजना तथा प्रक्षेपण एवम् चल अचल सम्पत्ति र दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit-DDA) गर्न नियुक्त लेखापरीक्षक (DDA मुल्यांकनकर्ता) को नियुक्ति तथा निजको पारिश्रमिक तथा मर्जर सम्वन्धि कार्यमा भए गरेको खर्चहरु अनुमोदन गर्ने ।

५. समता लघुवित्त वित्तीय संस्था लिमिटेड र घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्वन्धमा सम्पन्न प्रारम्भिक समझदारीपत्र (Memorandum of Understanding-MoU), सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन, संयुक्त मर्जर समिति तथा सञ्चालक समितिले मर्जर सम्वन्धमा गरेको निर्णयहरुको अनुमोदन गर्ने । साथै एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्यको लागि अन्तिम सम्झौता गर्न र सो सम्वन्धि आवश्यक कार्यहरु गर्न गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

६. समता लघुवित्त वित्तीय संस्था लिमिटेड र घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात् गठन हुने सञ्चालक समितिमा यस वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको मनोनयनलाई अनुमोदन गर्ने साथै नयाँ तदर्थ सञ्चालक समिति गठन भए पश्चात् पुराना सञ्चालक समितिको पदाधिकारीहरुको कार्यकाल स्वत: समाप्त भएको मानिनुका साथै नयाँ सञ्चालकहरुको कार्यकाल आगामी साधारण सभा सम्पन्न नभएसम्मको लागि कायम रहनेछ भन्ने प्रस्ताव पारित गर्ने र घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडबाट चयन हुने सञ्चालकहरुलाई पदस्थापन गर्ने एवम् अनुमोदन गर्ने अधिकार सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

७. समता लघुवित्त वित्तीय संस्था लिमिटेड र घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात् बन्ने लघुवित्त वित्तीय संस्थाको नेपाली नाम "समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड" र अंग्रेजीमा "SAMATA GHARELU LAGHUBITTA BITTIYA SANSTHA LIMITED" कायम गरी सो नामबाट वित्तीय कारोवार गर्ने गरी राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्थाको रुपमा कार्य गर्ने साथै केन्द्रीय कार्यालय काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका-८ मा रहने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

८. संचालक समितिका अध्यक्ष तथा संचालकहरुले पाउने भत्ता तथा सुविधा सम्बन्धमा संस्थाको नियमावलीमा संशोधन तथा थप गर्ने ।

९. समता लघुवित्त वित्तीय संस्था लिमिटेड र घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात् हुने संस्थाको नाम, ठेगाना, अधिकृत पूँजी, जारी पूजी, चुक्ता पूँजी, शेयर संरचना लगायतमा परिवर्तन हुने भएकोले सो बमोजिम हुने गरी प्रवन्धपत्र र नियमावलीको तीन महलेमा उल्लेख भए अनुसारको आवश्यक दफा तथा नियम संशोधन/परिमार्जन गर्ने प्रस्ताव पारित गर्ने र पारित प्रस्ताव नियमनकारी निकायबाट स्वीकृती लिने अभिलेख गर्ने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

१०. भविष्यमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने प्रयोजनार्थ अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र गाभ्ने/गाभिने वा प्राप्ति सम्वन्धी आवश्यक अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

११. उपरोक्त बमोजिमको विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरुबाट स्वीकृत लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवम् परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवम् परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

ग) <u>विविध</u>

सञ्चालक समितिको आज्ञाले

.................................
कम्पनी सचिव

**<u>साधारण सभा सम्बन्धी अन्य जानकारी :</u>**

१. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिएको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिनको विहान १० बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहनेछ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारण सभामा उपस्थित हुँदा २ मिटरको सामाजिक दुरी कायम हुने गरी हाजिरी तथा सभा स्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाइरस संक्रमणबाट बच्न बचाउनको लागि आवश्यक पर्ने मास्क, पंजा, सेनिटाइजर लगायतका न्यूनतम सुरक्षा उपकरण प्रयोग गर्न सम्पुर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध छ । **नेपाल सरकारले तोकेको सिमा भन्दा बढि व्यक्ति भेला हुन नपाईने हुनाले अनलाइन (भर्चुअल) माध्यमबाट सभामा भाग लिने व्यवस्था मिलाइएको र यस उपस्थितिलाई सभा हलमा उपस्थित भए सरह मान्यता प्रदान गरिनेछ ।**

२. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७७ पौष ०५ गते देखि २०७७ पौष १४ गते सम्म वित्तीय संस्थाको शेयरधनी दर्ता किताब शेयर दाखिला खारेज दर्ता बन्द रहनेछ । (हाल यस वित्तीय संस्था घरेलु लघुवित्त वित्तीय संस्थासँग गाभ्ने/गाभिने ( मर्जर) को प्रक्रियामा रहेको हुँदा मिति २०७७ आषाढ १ गते देखि हालसम्म शेयर कारोवार रोक्का रहेको) ।

३. शेयरधनी महानुभावहरुलाई दर्ता पुस्तिका अनुसार कायम शेयरधनी महानुभावहरुको ठेगानामा बार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन पठाइनेछ । यदि सो प्राप्त नभएमा कार्यालय समयभित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सिमरा, बाराबाट वा वित्तीय संस्थाको वेबसाइट www.samata.org.np बाट समेत प्राप्त गर्न सकिनेछ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले संक्षिप्त आर्थिक विवरण तथा सूचना साथ संलग्न प्रवेश पत्रको साथै हितग्राहि खाता खोलिएको (

डिम्याट) शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनरोध छ ।

४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरि केन्द्रीय कार्यालय, सिमरा, बारामा सभा सुरू हुनुभन्दा कम्तिमा ४८ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।

५. प्रतिनिधी मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

६. प्रतिनिधी मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केहि शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ । प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी नियुक्त बदर गरिपाऊँ भनि शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ, पछिल्लो प्रतिनिधी कायम हुनेछ ।

७. नाबालक शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

८. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा संचालक समितिको तर्फबाट सामुहिक रुपले अध्यक्ष वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

९. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहानुभएको विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०.उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल शेयर पुँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सुचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

११.कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त बार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवदेन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयबाट उपलव्ध हुनेछ ।

१२.भर्चुअल माध्यम मार्फत उपस्थित हुन चाहने शेयरधनी महानुभावहरुले इमेल गरी वा ०५३-५२१९२१ मा सम्पर्क गरी सभा हुन भन्दा ४८ घण्टा अगावै आफ्नो नाम इमेल ठेगानामा टिपाउनु पर्नेछ । भर्चुअल मार्फत उपस्थित हुने शेयरधनी महानुभावहरुलाई मिटिङ्ग आइ.डि. तथा पासवर्ड उपलव्ध गराई सहभागी हुने व्यवस्था मिलाइनेछ । सभा शुरु हुनुभन्दा १ घण्टा अगाडिबाट भर्चुअल माध्यम खुला गरिनेछ । उक्त एक घण्टाको समय भित्र सभामा सहभागी हुने शेयरधनीहरुले दिइएको आइ.डि. पासवर्डको माध्यमबाट लगइन गरी आफ्नो परिचय, डिम्याट खाता नं. र शेयर संख्या सहित उपस्थितको जानकारी सभालाई दिनु पर्नेछ ।

१३. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभा स्थल आउँदा झोला, प्याकेट वा अन्य सामान नलिई आउनुहुन अनुरोध गरिन्छ । आवश्यकता अनुसार सभा कक्षमा प्रवेश गर्दा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनुहुन समेत अनुरोध गरिन्छ ।

१४. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सिमरा, बाराको फोन नं. ०५३-५२१९२१ वा वित्तीय संस्थाको कम्पनी सचिव श्री विश्वराज श्रेष्ठलाई (९८०२५३१९५९) सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।